**मिति २०८१ भाद्र २५ गतेको ४५ औं कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु**

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।
प्रस्ताव नं. २ : खर्च प्रगति सम्बन्धमा।
प्रस्ताव नं. ३ : आ. व. ०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा।
प्रस्ताव नं. ४ : ढुङ्गा, गिट्टी, बालुवाको बोलपत्र सम्बन्धमा।
प्रस्ताव नं. ५ : नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा।
प्रस्ताव नं. ६ : थप पारिश्रमिक प्रदान गर्ने सम्बन्धमा।
प्रस्ताव नं. ७ : योजना माग सम्बन्धमा।
प्रस्ताव नं. ८ : बहुवर्षिय योजनाको लागि बजेट माग सम्बन्धमा।
प्रस्ताव नं. ९ : विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा।
प्रस्ताव नं. १० : फोहोरमैला व्यवस्थापन सम्बन्धमा।
प्रस्ताव नं. ११ : फिजियोथेरापिष्टको पारिश्रमिक सम्बन्धमा।
प्रस्ताव नं. १२ : नगर अस्पतालको प्रतिवेदन एवं खाता संचालन सम्बन्धमा।
प्रस्ताव नं. १३ : स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धमा।
प्रस्ताव नं. १४ : मेलमिलापकर्ता सूचिकृत गर्ने सम्बन्धमा।
प्रस्ताव नं. १५ : मन्त्रालयबाट भएका विभिन्न पत्रको जानकारी सम्बन्धमा।
प्रस्ताव नं. १६ : सरस्वती मा.वि.को जिर्ण भवन हटाउने सम्बन्धमा।
प्रस्ताव नं. १७ : सडक ढलान सम्बन्धमा।
प्रस्ताव नं. १८ : मेलम्ची नगरपालिकाका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८१ को स्थानीय राजपत्र स्वीकृत गर्ने सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०४/२० गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो। हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको मिति २०८१ भाद्र १९ गतेसम्मको विभिन्न कोषहरुको आम्दानी तथा खर्च प्रगति विवरण यस कार्यापालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाको नगर सभाबाट स्वीकृत आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो।

### तपसिल

(क) नगर सभाबाट स्वीकृत भएका रु. २० लाख देखि माथिका सबै योजनाहरु बोलपत्रको माध्यमबाट अनिवार्य कार्यान्वयन गर्ने।

(ख) उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनाहरुको हकमा मिति २०८१ साल कार्तिक मसान्त भित्र सम्बन्धित वडाबाट उपभोक्ता समिति गठन गरी सम्झौताको लागि सिफारिस गर्ने। अन्यथा, उक्त अवधि भित्र उपभोक्ता समिति गठन हुन नसकेमा वा नभएमा उक्त योजनाहरु अनिवार्य रुपमा बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने।

निर्णय नं. ४ : मेलम्ची तथा ईन्द्रावती नदीमा ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थ बिक्री मार्फत आन्तरिक राजस्व संकलन कार्यका लागि मिति २०८१/०५/१३ गतेको राष्ट्रिय दैनिक पत्रिकामा पुन: प्रकाशित १५ दिने बोलपत्र सूचना अनुमोदन गर्ने निर्णय गरियो । साथै, यस कार्यालयबाट पटक पटक बोलपत्र सूचना आव्हान गर्दा समेत हाल ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि ठेक्का लाग्न नसकी अमानतबाट राजस्व संकलन गरिएकोमा हालसम्म संकलन भएको राजस्व र ठेक्काको समग्र अवस्थाको बारेमा कार्यपालिका बैठकमा जानकारी गाराइयो।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत भएका ईन्द्रावती, मेलम्ची, सिन्धुखोला लगायतका नदीहरुबाट स्वीकृत IEE प्रतिवेदन र मापदण्ड बमोजिम मिति २०८१ असोज १ गतेबाट नदीजन्य पदार्थ उत्खनन्का लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

CamScanner

निर्णय नं. ६ : मेलम्ची नगरपालिका क्षेत्र भित्रको मेलम्ची तथा ईन्द्रावती नदी क्षेत्रबाट आ.व. २०८१/०८२ मा ढुङ्गा गिटी बालुवा लगयातका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि बोलपत्र आव्हान गर्दा समेत ठेक्का नलागेको अवस्थामा मिति २०८१/०४/०१ गते देखि मेलम्ची नगरपालिकामा कार्यरत कर्मचारीहरु खटाई अमानतबाट राजस्व संकलनको कार्य भइरहेको छ । यसरी, राजस्व संकलनको लागि नगरपालिका क्षेत्र भित्रका विभिन्न नाकाहरुमा २४ सै घण्टा कर्मचारी खटिनु पर्ने अवस्था सिर्जना भएको हुँदा कार्यालयको निर्णयानुसार खटिएका कर्मचारीहरुलाई तलब शिर्षकबाट खर्च हुने गरी प्रति दिन प्रति व्यक्ति रु. १२००।– का दरले खाना तथा खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो । साथै, मेलम्ची नगरपालिका क्षेत्र भित्र बाढी तथा पहिरोको कारणबाट सिर्जना हुने विपद्का विभिन्न कार्यमा मेलम्ची नगरपालिकाका जे.सि.बी. अपरेटरहरु लामो समयसम्म खटिएका र खटिनुपर्ने भएकोले विपद्को दैनिक कार्यमा खटिने जे.सि.बी. अपरेटरहरुलाई २०८१ श्रावण १ देखि २०८१ असोज १५ गतेसम्मका लागि तलब शिर्षकबाट खर्च हुने गरी प्रति दिन प्रति व्यक्ति रु. १०००।– का दरले खाना तथा खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७ : ईन्द्रावती तथा मेलम्ची नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट मेलम्ची नदीमा निर्माण गरिएको फट्टे दुवाचौर जोड्ने पक्की मोटरेवल पुल पूर्ण रुपमा क्षति भई हालसम्म पनि निर्माण हुन नसकेको तथा मेलम्ची नगरपालिका भित्रका पर्यटकीय संभावना भएका अन्य गौरवका योजनाहरु समेत निर्माण गर्नका लागि बजेट अभाव भएको हुँदा देहाय बमोजिमका योजनाहरु निर्माण गर्नका लागि संघीय एवं प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | आवश्यक बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | मेलम्ची फट्टे दुबाचौर पक्की मोटरेवल पुल, मेलम्ची न.पा. ११ | ३७ करोड | DPR निर्माण भएको |
| २ | गुफाडाँडा पर्यटन पूर्वाधार निर्माण, मेलम्ची न.पा. ९ | २० करोड | DPR निर्माण भएको |
| ३ | तपचुली पर्यटन पूर्वाधार निर्माण, मेलम्ची न.पा. २ र १ | १८ करोड | DPR निर्माण भएको |
| ४ | सुनखानी खेल मैदान निर्माण, मेनपा ९ | ३ करोड | |
| ५ | बनगाउँ खेलमैदान निर्माण, मेलम्ची न.पा. १० | ५ करोड | DPR निर्माण भएको |
| ६ | दुबाचौर खेल मैदान निर्माण, मेलम्ची न.पा. ७ | ३ करोड | |
| ७ | बाहुनेपाटी खेल मैदान निर्माण, मेलम्ची न.पा. १२ | ३ करोड | |
| ८ | ठूलीचौर बुद्ध पार्क निर्माण, मेलम्ची न.पा. १० | ८ करोड | |
| ९ | धौले बुद्ध पार्क निर्माण, मेलम्ची न.पा. ४, ५, ६ र ११ | ५ करोड | |

CamScanner

| | | | |
|---|---|---|---|
| १० | गोल्मा राजारानी मन्दिर सिंढी तथा भौतिक संरचना निर्माण, मेनपा ९ | ३ करोड | |

निर्णय नं. ८ : मेलम्ची नगरपालिका वडा नं.११ स्थित मेलम्ची बजार हुँदै वडा नं. ५ सिन्धुकोटसम्म जोड्ने मेलम्ची धुसेनी सडक नगरको महत्वपूर्ण र मेलम्ची नगरपालिका वडा नं. १, २, ३, ४ र ५ जोड्ने छोटो सडक मार्ग भएको हुँदा उक्त सडकलाई बहुबर्षिय योजनाको रुपमा कार्यान्वयन गर्ने गरी बजेट व्यवस्थाको लागि बागमती प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : विपद् व्यवस्थापन तथा जलवायु उत्थानशिल समितिको मिति २०८१/०५/२५ गतेको बैठकबाट देहाय बमोजिमका निर्णयहरु अनुमोदनका लागि सिफारिस भएको हुँदा सिफारिस भए बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

(क) मेलम्ची नगरपालिका भित्र रहेका मेलम्ची बाढी २०७८ र अन्य विपद्जन्य घटनाबाट प्रभावित भई स्थायी आवास पुनर्निर्माणको लागि "मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७७" तथा "आगलागीजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८" बमोजिम लाभग्राही कायम भएका लाभग्राहीहरुले नियमानुसार प्राप्त गर्नु पर्ने किस्ता रकम जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध हुन नसकेको हुँदा सो सम्बन्धमा आवश्यक समन्वय एवंम् सहजीकरण गरी किस्ता रकम निकासा हुनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाण्डौ र आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश हेटौडालाई यस अघि समेत पत्राचार गरिएकोमा पुन: पत्राचार गर्ने निर्णय गरियो ।

(ख) नेशनल हाइड्रो पावर कम्पनी लि. को मिति २०८१/०५/२० गतेको च.नं. १४/८१/८२ को पत्रानुसार मेलम्ची नगरपालिका वडा नं. ९ स्थित त्यस कम्पनीद्वारा निर्माणाधीन तल्लो ईन्द्रावती जलविद्युत आयोजना (४.५ मेगावाट) मा जाने पहुँचमार्ग मिति २०८१/०३/११ गते मेलम्ची नदीमा आएको बाढीबाट क्षतिग्रस्त भई आवागमन बन्द भई आयोजना निर्माणको कार्य स्थगित भएको र उक्त कम्पनीद्वारा संचालनमा रहेको ईन्द्रावती तेश्रो जलविद्युत केन्द्र (७.५ मेगावाट) र निर्माणाधीन तल्लो ईन्द्रावती जलविद्युत आयोजना (४.५ मेगावाट) समेतमा मिति २०८१/०३/३१ र त्यस पश्चात विभिन्न समयमा ईन्द्रावती नदीमा आएको भिषण बाढीबाट क्षति पुगी विद्युत उत्पादन कार्य बन्द भएको हुँदा सो सम्बन्धमा आवश्यक सिफारिस गरिदिनका लागि जिल्ला विपद् व्यवस्थापन समिती, सिन्धुपाल्चोक मार्फत नेपाल विद्युत प्राधिकरण, काठमाडौंलाई सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner

(ग) मेलम्ची नगरपालिका स्थित तपसिलमा उल्लेखित सडकखण्डहरु अत्यधिक वर्षा र पहिरोको कारणले क्षतिग्रस्त भई आवागमनमा समस्या भएको हुँदा उक्त सडकहरुमा रहेको जोखिम न्यूनीकरण गरी तत्काल सडक ममर्त सम्भार गरी बस्ती संरक्षण गर्नका लागि बागमती प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायहरुमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | सडक तथा बस्तीहरुको विवरण | लागत रु. |
|---|---|---|
| १ | मेलम्ची-खाल्डे-तिपेनी सडक खण्डको अन्तर्गत महराको घर खुर्केखोला बस्ती संरक्षण, मेलम्ची न.पा. १० | ३ करोड |
| २ | मेलम्ची झोलुङ्गे पुल तथा पुल क्षेत्र बस्ती संरक्षण, मेनपा ११ | २ करोड |
| ३ | मेलम्ची-हेलम्बु सडकखण्ड स्थित होटल मेलम्ची रिभरसाइट देखि फट्टे तथा सार्वजनिक सम्पत्ति संरक्षण, मेनपा ११ | २ करोड |
| ४ | तालामाराङ-मानेभञ्ज्याङ्ग सडक, मेलम्ची न.पा. ६ | २ करोड ५० लाख |
| ५ | जर्केखोला-साँखु सडकखण्डको दिर्घ साइलाको पहिरो क्षेत्र, मेलम्ची न.पा. १३ | १ करोड ५० लाख |
| ६ | मेनपा-४ स्थित चिलाउने पहिरो नियन्त्रण, मेलम्ची न.पा. ४ | १ करोड |
| ७ | भोटेचौर-काउलेदोभान सडकखण्डको मेनपा-२ स्थित ठुलो पहिरो क्षेत्र | १ करोड |

(घ) मेलम्ची नगरपालिका भित्रका विभिन्न वडाहरुमा विपद्का कारणले निजी आवास पूर्ण रुपमा क्षति भएका र आंशिक रुपमा क्षति भए तापनि बसोबास गर्न योग्य नरहेका घरपरिवारहरुलाई नेपाल सरकारबाट स्वीकृत "विपदबाट प्रभावित घरपरिवारलाई अस्थायी आंवास निर्माण अनुदान मापदण्ड, २०८१" बमोजिम लाभग्राही कायम गर्नका लागि सोही मापदण्डको अनुसूची-१ र अनुसूची-२ अनुसार निवेदन र सिफारिस माग गर्ने निर्णय गरियो।

(ङ) मेलम्ची  नगरपालिका वडा नं. ९ स्थित सुनखानी एकीकृत कृषि फार्मले पेश गरेको निवेदन अनुसार अत्याधिक वर्षा र पहिरोको कारणले गर्दा उक्त फार्मको करिब २१ रोपनी क्षेत्रफलमा पहिरो गई  सुन्तला र कागतीको बोटमा समेत क्षति पुगी करिब ५० लाख बराबरको नोक्सान समेत भएको हुँदा उक्त पहिरो नियन्त्रण र फर्म संरक्षणका गर्नका लागि संघीय एवं प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायमा बजेट व्यवस्थाको लागि सिफारिस गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
स्थापना: २०७१

CamScanner

(च) मेलम्ची नगरपालिका क्षेत्र भित्रको ईन्द्रावती नदी किनारामा रहेको विनोद बस्ती ईन्द्रावती नदीमा आएको बाढी र नदी कटानको कारणले गर्दा उच्च जोखिममा रहेको हुँदा उक्त बस्ति संरक्षण गर्नका लागि संघीय एवं प्रदेश सरकार अन्तर्गतका सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं. १० : मेलम्ची बजार क्षेत्रबाट संकलन एवं उत्पादन भएका फोहोरमैलालाई मेलम्ची नगरपालिका वडा नं. ११ स्थित धितालबेसीमा अस्थायी रुपमा व्यवस्थापन गरिंदै आएकोमा केही स्थानीय बासिन्दाहरुको अवरोधको कारण उक्त फोहोरमैला व्यवस्थापन गर्न कठिनाई भएको र मिति २०८१/०४/२० गतेको कार्यपालिका बैठकबाट मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार देखि नुहारखोलासम्मको उपयुक्त स्थानमा फोहोरमैला व्यवस्थापनका लागि स्थान पहिचान गर्ने निर्णय भएकोमा हाल फोहोरमैलाको अस्थायी व्यवस्थापनका लागि मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नुहार सिमखेत उपयुक्त देखिएकोले उक्त स्थानको जग्गा भाडामा लिई फोहोरमैला व्यवस्थापन शिर्षकबाट खर्च हुने गरी उक्त स्थानसम्म पहुँच मार्ग निर्माण तथा सडक मर्मत संभार गरी अस्थायी रुपमा फोहोरमैलाको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका, ह्याण्डिक्याप इन्टरनेशनल (HI) र टुकी संघ सुनकोसी बीच मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्र (मेलम्ची नगर अस्पताल) मा फिजियोथेरापिष्ट राख्ने र निजलाई प्रदान गरिने पारिश्रमिकका सम्बन्धमा अगष्ट ३ सन २०२३ मा त्रिपक्षीय सम्झौता भई सम्झौता बमोजिम यस नगरपालिकाबाट फिजियोथेरापिष्ट नियूक्ति भएको र मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रबाट नियमित रुपमा फिजियोथेरापी सेवा प्रदान भइरहेको हुँदा निज फिजियोथेरापिष्टलाई मेलम्ची नगर अस्पताल व्यवस्थापन शिर्षकमा रहेको रकमबाट खर्च हुने गरी सम्झौता बमोजिम देहाय बमोजिमको प्रतिशतका आधारमा पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो।

तपसिल

| क्र.सं. | फिजियोथेरापिष्टको तलब प्रदान गरिने समय तालिका | लागत साझेदारी प्रतिशत | |
|---|---|---|---|
| | | टुकी संघ सुनकोसी | मेलम्ची नगरपालिका |
| 1 | Sept.2023 to August 2024 | 100% | 0% |
| 2 | Sept.2024 to August 2025 | 75% | 25% |
| 3 | Sept. 2025 to August 2026 | 50% | 50% |
| 4 | Sept. 2026 onward | 0% | 100% |

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रको हालसम्मको आम्दानी तथा खर्चको समग्र अवस्था र सोको व्यवस्थापनको अध्ययनका लागि कार्यदल गठन भई सम्बन्धित कार्यदलबाट पेश भएको प्रतिवेदनका सम्बन्धमा छलफल गर्नुको साथै उक्त विषयमा

CamScanner

प्राथमिक स्वास्थ्य केन्द्रका सम्बन्धित कर्मचारी सहित छलफल गरी प्रतिवेदनको विषयमा अन्तिम टुङ्गो लगाउने निर्णय गरियो। साथै, हाल रोक्का भएको मेलम्ची स्वास्थ्य केन्द्रको बैंक खाता साविकमा भएको व्यवस्था बमोजिम सार्वजनिक खरिद ऐन नियमको परिधिभित्र रही संचालन गर्न निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका क्षेत्रमा स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाई थप कार्यक्रम संचालनका लागि कार्यविधिमा उल्लेख भए बमोजिम समिति गठन गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट सिफारिस भई आएका देहाय बमोजिमका मेलमिलापकर्ताहरुलाई आ.व. २०८१/०८२ को लागि सूचिकृत गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं | नाम, थर | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| १ | बिनोद चौलागाई | मेलम्ची न.पा. १ | ९८५१०९३५३० |
| २ | रुपा चौलागाई | मेलम्ची न.पा. १ | ९८६०४५००६४ |
| ३ | ठाकुर नाथ चौलागाई | मेलम्ची न.पा. १ | ९८४९२३६०१७ |
| ४ | सावित्री कार्की थापा | मेलम्ची न.पा. १ | ९८६१४५२४८४ |
| ५ | विमला चौलागाई | मेलम्ची न.पा. १ | |
| ६ | हर्क बहादुर तामाङ | मेलम्ची न.पा. २ | ९८४९५०६४१५ |
| ७ | कुमार चौलागाई | मेलम्ची न.पा. २ | ९८४३७५८७९७ |
| ८ | अरुण लामा | मेलम्ची न.पा. २ | ९८६९६०२९०७ |
| ९ | सजिना सापकोटा | मेलम्ची न.पा. २ | ९८४३५४९७०२ |
| १० | विष्णु प्रसाद ढुङगाना | मेलम्ची न.पा. २ | ९८५१०४८४८६ |
| ११ | चमेली तामाङ | मेलम्ची न.पा. २ | ९८४२५२९८८० |
| १२ | अनिशामाया तामाङ | मेलम्ची न.पा. २ | ९८६१५२६३३६ |
| १३ | कृति तामाङ | मेलम्ची न.पा. ३ | ९८४९२६६७७९ |
| १४ | निरमाया तामाङ | मेलम्ची न.पा. ३ | ९८४३९४९४९८ |
| १५ | सर्मिला तामाङ | मेलम्ची न.पा. ३ | ९८४३१८६८५० |
| १६ | कृष्ण प्रसाद लुइटेल | मेलम्ची न.पा. ५ | ९८६११४३६४८ |
| १७ | केशब रोका | मेलम्ची न.पा. ५ | ९८४१५०३४९५ |

CamScanner

| | | | |
|---|---|---|---|
| १८ | पविता रोकाय | मेलम्ची न.पा. ५ | ९८६२७१२५५८ |
| १९ | केशब पौडेल | मेलम्ची न.पा. ५ | ९८४३८४७९८५ |
| २० | सन्त बहादुर बोगटी | मेलम्ची न.पा. ५ | ९८६०९८८६२७ |
| २१ | बाल कृष्ण अधिकारी | मेलम्ची न.पा. ५ | ९८४१६८११८२ |
| २२ | भुमी बहादुर लुइटेल | मेलम्ची न.पा. ५ | ९८६०८९०७१८ |
| २३ | राजेन्द्र प्रसाद नेपाल | मेलम्ची न.पा. ५ | ९८५१२२२०८५ |
| २४ | राजन भट्टराई | मेलम्ची न.पा. ५ | ९८४०७०४१४४ |
| २५ | लक्ष्मण सिग्देल | मेलम्ची न.पा. ५ | ९८४११४६७४३ |
| २६ | शिव कुमारी सिग्देल | मेलम्ची न.पा. ५ | ९८४३१५३१३७ |
| २७ | दल बहादुर गिरी | मेलम्ची न.पा. ६ | ९८१८३१४६४३ |
| २८ | सन्तोष बस्नेत | मेलम्ची न.पा. ६ | ९८६०५७०९५२ |
| २९ | सुजि सुनुवार | मेलम्ची न.पा. ६ | ९८६१२४०३११ |
| ३० | भिम बहादुर तामाङ | मेलम्ची न.पा. ६ | ९८०८४४७१३८ |
| ३१ | नवराज ढुङगाना | मेलम्ची न.पा. ६ | ९८०३२८१३४५ |
| ३२ | लक्ष्मी आचार्य | मेलम्ची न.पा. ६ | ९८६०८३३९४८ |
| ३३ | रमेश तामाङ | मेलम्ची न.पा. ६ | ९८६१८१७२१८ |
| ३४ | अस्मिता अर्याल | मेलम्ची न.पा. ६ | ९८४१५४६७७२ |
| ३५ | अनन्त प्याकुरेल | मेलम्ची न.पा. ६ | ९८४६६९५६८१ |
| ३६ | प्रमोद तामाङ | मेलम्ची न.पा. ६ | ९८५१३४३११७ |
| ३७ | संगिता नेपाली | मेलम्ची न.पा. ७ | ९८६१२०६४०४ |
| ३८ | सौमर तामाङ | मेलम्ची न.पा. ७ | ९८०८१८३२५५ |
| ३९ | पार्वती गिरि | मेलम्ची न.पा. ७ | ९८०३७६१३८५ |
| ४० | निर्मला गिरि | मेलम्ची न.पा. ७ | ९८१०१३६६८५ |
| ४१ | अमित कोइराला | मेलम्ची न.पा. ८ | ९८४३८०४४०५ |
| ४२ | देवकी गिरी | मेलम्ची न.पा. ८ | ९८०३२२३४७६ |
| ४३ | जल बहादुर दोङं | मेलम्ची न.पा. ८ | ९८४५६२३८१२ |
| ४४ | नबराज गिरी | मेलम्ची न.पा. ८ | ९८५१११३३५७ |

CS CamScanner

| | | | |
|---|---|---|---|
| ४५ | पार्वती गिरी | मेलम्ची न.पा. ८ | ९८४३५०११८७ |
| ४६ | विदुर गिरि | मेलम्ची न.पा. ८ | ९८४७३०९७९४ |
| ४७ | बासुदेव कटुवाल | मेलम्ची न.पा. ९ | ९८०८६३६८४९ |
| ४८ | सर्मिला खड्का | मेलम्ची न.पा. ९ | ९८४३५३१८६१ |
| ४९ | लक्ष्मी कुइकेल | मेलम्ची न.पा. ९ | ९८४३८०५३७३ |
| ५० | मैया गिरि | मेलम्ची न.पा. ९ | ९७४२९२६८५३ |
| ५१ | सुनिता पण्डित | मेलम्ची न.पा. ९ | ९८६०५३७२९३ |
| ५२ | भक्त बहादुर तामाङ | मेलम्ची न.पा. ९ | ९८६०५४१४२५ |
| ५३ | हिरा तामाङ | मेलम्ची न.पा. १० | ९८४३८९७२१० |
| ५४ | अमर सापकोटा | मेलम्ची न.पा. १० | ९८५१०९९०४५ |
| ५५ | कुमार दाहाल | मेलम्ची न.पा. १० | ९८६०१८४६३१ |
| ५६ | भोला नाथ आचार्य | मेलम्ची न.पा. १० | ९८६०१४५३५६ |
| ५७ | रामहरि कार्की | मेलम्ची न.पा. १० | ९७४२९२६८४१ |
| ५८ | गोमा माझी | मेलम्ची न.पा. १० | ९८६०१४५४७५ |
| ५९ | कल्पना चालिसे | मेलम्ची न.पा. ११ | ९८४३६५१८३२ |
| ६० | विष्णु प्र.दुलाल | मेलम्ची न.पा. ११ | ९८४०७१७००९ |
| ६१ | रुद्र प्रसाद दुलाल | मेलम्ची न.पा. ११ | ९८४३७८०८२१ |
| ६२ | सरिता दुलाल | मेलम्ची न.पा. ११ | ९८४३१८७५१३ |
| ६३ | हरि प्रसाद धिताल | मेलम्ची न.पा. ११ | ९८४९९९०१७९ |
| ६४ | ज्ञान प्रसाद सापकोटा | मेलम्ची न.पा. ११ | ९८६५९९१९२० |
| ६५ | डम्बर बहादुर तामाङ | मेलम्ची न.पा. ११ | ९८६०५३७६११ |
| ६६ | अम्बिका डोटेल | मेलम्ची न.पा. ११ | ९८४९५९९९२० |
| ६७ | सानिमैया पण्डित | मेलम्ची न.पा. ११ | ९७४८२८३३०१ |
| ६८ | शिव प्रसाद नेपाल | मेलम्ची न.पा. १२ | ९८४९७२७२३८ |
| ६९ | सानु मैया भट्टराई | मेलम्ची न.पा. १२ | ९८४३४७२८७८ |
| ७० | चिरन्जिवि पराजुली | मेलम्ची न.पा. १२ | ९८४१५३०९६१ |
| ७१ | गणेश ढकाल | मेलम्ची न.पा. १२ | ९८५१०५४०१२ |

| | | | |
|---|---|---|---|
| ७२ | रमेश भट्टराई | मेलम्ची न.पा. १२ | ९८४३०३००६९ |
| ७३ | जयराम नेपाल | मेलम्ची न.पा. १२ | ९८५११००५६० |
| ७४ | सुरज ढकाल | मेलम्ची न.पा. १२ | ९८४९९१०४५२ |
| ७५ | ध्रुव बहादुर ढकाल | मेलम्ची न.पा. १२ | ९८६०६३६६७१ |
| ७६ | मोहन तामाङ | मेलम्ची न.पा. १२ | ९८६९३७२१११ |
| ७७ | उमा मोक्तान | मेलम्ची न.पा. १२ | ९८६०८६६३८१ |
| ७८ | भिमसेन दनुवार | मेलम्ची न.पा. १३ | ९८०८०६३९९७ |
| ७९ | शंकर प्रसाद ढुंगाना | मेलम्ची न.पा. १३ | ९८६१२९१०६९ |
| ८० | सोमनाथ दंगाल | मेलम्ची न.पा. १३ | ९८६४८४२८८ |
| ८१ | सरिता आचार्य डोटेल | मेलम्ची न.पा. १३ | ९८६०२९३४८४ |
| ८२ | विष्णु माया तामाङ | मेलम्ची न.पा. १३ | ९८२३४७७००५ |

निर्णय नं. १५ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा प्राप्त भएका पत्रहरुको विषयमा कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. १६ : मेलम्ची नगरपालिका वडा नं. १ स्थित सरस्वती माध्यमिक विद्यालयको जिर्ण भवन हटाउनको लागि यस कार्यालयमा अनुरोध भई आएको हुँदा प्रचलित ऐन कानूनको परिधिभित्र रहेर कार्य गर्ने गरी उक्त जिर्ण भवन हटाउनको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई जिम्मावारी दिने निर्णय गरियो ।

निर्णय नं. १७ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची ब्यारेक मुनीको बस्ती जाने बाटो अत्यन्त जिर्ण अवस्थामा रहेको र उक्त बस्तीमा जाने बाटो ढलान गर्न आवश्यक भएकोले आ.व. २०८१/०८२ मा बजार व्यवस्थापन शिर्षकमा विनियोजन भएको बजेटमध्ये हाललाई रु. ९,९०,०००।– (अक्षरुपी नौ लाख नब्बे हजार रुपैयाँ मात्र) विनियोजन गरी उक्त बजेटबाट यथासिघ्र सडक ढलान निर्माणको कार्य गर्न निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : मेलम्ची नगरपालिकाको मिति २०८१ असार ९ गतेको नगर सभाबाट मेलम्ची नगरपालिकाका अस्थायी/करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्ने सम्बन्धमा भएको निर्णय कार्यान्वयनको लागि मेलम्ची नगरपालिकाबाट निर्माण गरिएको अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८१ स्थानीय राजपत्रमा प्रकाशन गरिएकोमा उक्त राजपत्र बमोजिम स्थायी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

CamScanner

**स्थानीय राजपत्र**

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड २) भाद्र २५ गते, २०८१ साल) संख्या : ३

भाग-७

**मेलम्ची नगरपालिका सिन्धुपाल्चोक,**
**बागमती प्रदेश, नेपाल**

## मेलम्ची नगरपालिकाका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८१

नेपालमा संविधान २०७२ जारी हुनु पुर्व यस नगरपालिकामा करार सेवामा नियुक्ति भएका तथा समायोजन ऐन २०७५ बमोजिम विभिन्न कार्यालयबाट समायोजन भइ यस कार्यालयमा निरन्तर सेवामा रहेका कर्मचारीहरुलाई तत् तत् पदमा सीमित प्रतियोगिताको माध्यमद्धारा एक पटकको लागि स्थायी गर्नको लागि कानुनी व्यवस्थाको प्रबन्ध गर्न बाञ्छनीय भएकोले मेलम्ची नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र प्रारम्भ:

खण्ड २) भाद्र २५ गते, २०८१ साल) संख्या : ३

**१. संक्षिप्त नाम र प्रारम्भ:**

क) यो कार्यविधिको नाम "मेलम्ची नगरपालिकाका अस्थायी/करारका कर्मचारीहरुको सेवा स्थायी गर्ने कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "कर्मचारी" भन्नाले नेपालको संविधान जारी हुनुपूर्व मेलम्ची नगरपालिकाको अस्थायी वा करार सेवामा नियुक्ति भई अविछिन्न रुपमा कार्यरत तथा समायोजन ऐन २०७५ बमोजिम विभिन्न कार्यालयबाट मेलम्ची नगरपालिकामा समायोजन भएका सोही प्रकृतिका कर्मचारी समेत सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले मेलम्ची नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

ग) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिका सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

ङ) "गणपुरक" भन्नाले समितिमा रहेका कुल संख्याको ५१ प्रतिशत संख्या भन्ने सम्झनु पर्दछ ।

**३. स्थायी गर्ने :** (१) सम्मानित श्री पुनरावेदन अदालत, धनकुटाको मिति २०७०/१२/२६, चन्द्रकला धमला विश्वकर्मा विरुद्ध जिल्ला विकास समितिको कार्यालय समेत, विषय : उत्प्रेषणयुक्त परमादेश, ०७१-

CI-०००५ मा भएको आदेशलाई आधार मानी नेपालको संविधान, २०७२ जारी हुनुपूर्व यस नगरपालिकामा अस्थायी र करार सेवामा नियुक्त भएका तथा समायोजन भई सोही पदमा हालसम्म अविछिन्न रुपमा कार्यरत कर्मचारीहरुलाई सीमित प्रतियोगिताको माध्यमबाट स्थायी गरिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थायी गर्दा रिक्त रहेको दरबन्दीमा मात्र स्थायी गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका कर्मचारीहरुको सेवा स्थायी गर्ने प्रक्रिया सम्पादन गर्न नगरपालिकामा एक पदपुर्ति समिति गठन हुनेछ । उक्त समितिले समिति गठन भएको मिति देखि १ (एक) महिनाभित्र स्वीकृत दरबन्दी तेरिज बमोजिम रिक्त पद एकिन गरी कार्यापालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) शिक्षक सेवाबाट सेवानिवृत्त मा.वि. प्रथम श्रेणी शिक्षक - अध्यक्ष

(ख) प्रशासन तथा जनशक्ति शाखा प्रमुख - सदस्य

(ग) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(घ) प्रदेश लोक सेवा आयोग प्रतिनिधि - सदस्य

(ङ) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रतिनिधि - सदस्य

(५) समितिको गणपुरक संख्याको आधारमा पदपुर्तिको प्रक्रिया अगाडी बढाउनेछ, र समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ ।

खण्ड २) भाद्र २५ गते, २०८१ साल) संख्या : ३

(६) समितिले एक जना अधिकृतस्तरको कर्मचारीलाई सदस्य सचिव तोक्न सक्नेछ ।

**४. पदपुर्ति समितिको काम कर्तव्य र अधिकार :** उपदफा ३ बमोजिम गठीत पदपुर्ति समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको स्वीकृत दरबन्दि एकिन गरी रिक्त दरबन्दिको पहिचान गरी स्थायी प्रक्रिया अगाडी बढाउन नगर कार्यापालिकामा सिफारिस गर्ने ।

(ख) कार्यापालिकाबाट सिमित प्रतिस्पर्धाको लागि स्वीकृत भई आएपश्चात ३० (तीस) दिनको म्याद राखि दरखास्त आव्हान गर्ने ।

(ग) प्राप्त आवेदकहरुबीच प्रतिस्पर्धा गराई सफल उम्मेदवारलाई नगर कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(घ) परीक्षाको विधि, अंकभार तथा परीक्षा संचालन प्रक्रिया निर्धारण गर्ने ।

५. दफा ३ को उपदफा(४) बमोजिम गठित समितिबाट सिफारिस भई आएका सफल उमेदवारलाई कार्यपालिकाले स्थायी गर्न निर्णय गर्नेछ र तोकिएको अधिकारीले नियुक्ति गर्नेछ ।

६. दफा ५ बमोजिम कार्यपालिकाबाट स्थायी गर्न सिफारिस भएका कर्मचारीलाई प्रशासन तथा जनशक्ति शाखाबाट नियुक्ति दिई तोके बमोजिमको सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**७. परीक्षा विधि** : (१) अस्थायी करार सेवामा कार्यरत कर्मचारीहरुको सेवा स्थायी गर्नका लागि समितिले

फरक सेवा, समूह र पदका लागि आवश्यकता र उपयुक्तताको आधारमा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा विधि मध्ये सबै वा उपयुक्त बिधि छनौट गरी अवलम्बन गर्न सक्नेछ । परीक्षाको विधि दफा ४ बमोजिम गठित समितिले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम लिइने परीक्षाको अंकभार तथा परीक्षा संचालन प्रकृया दफा ४ बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. विशेष व्यवस्था :** (१) यस कार्यविधि बमोजिम स्थायी भएका कर्मचारीहरुको उपदान प्रयोजनको लागि करार सेवामा रहेको अवधि समेत गणना गरिनेछ ।

(२) यस कार्यविधि बमोजिम स्थायी भएका कर्मचारीहरुको ग्रेड, बिदा तथा अवकाश सम्बन्धि व्यवस्था स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(३) नगरपालिकाले संचालन गर्ने यस कार्यविधि बमोजिमको सीमित प्रतियोगितामा सहभागी हुन अनिच्छुक कर्मचारीहरुलाई मेलम्ची नगरपालिकाले निरन्तर कार्य सम्पादन गरेको अवधिभरको बार्षिक २ महिनाको दरले हुन आउने रकम विशेष सुविधाको रुपमा उपलब्ध गराइ सेवानिवृत गर्न सक्नेछ ।

**९. उपदान :** दफा ३ बमोजिम स्थायी भएका कर्मचारीहरुले स्थानीय सेवा गठन तथा संचालन ऐन, २०७९ को दफा ८३ बमोजिम हुनेछ ।

**१०. तलब, भत्ता:** यस कार्याविधि बमोजिम स्थायी भएका कर्मचारीहरुको तलब भत्ता तथा अन्य

खण्ड २) भाद्र २५ गते, २०८१ साल) संख्या : ३

सुविधाहरु नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्था गरिनेछ ।

**११. समितिको विघटन :** दफा ४ बमोजिम गठित समिति यो कार्यविधि बमोजिमको कार्य सम्पन्न गरेपश्चात स्वत:विघटन हुनेछ ।

**१२. खारेजी तथा बचाउ:** यस कार्यविधि बमोजिम नेपालको संविधान, २०७२ जारी हुनुपुर्व करार, अस्थायी सेवामा रहेका तथा समायोजन भइ आएका कर्मचारीहरुको स्थायी प्रकृया सम्पन्न भएपछि यो कार्यविधि स्वत: निष्क्रिय हुनेछ ।

**१३. बाधा अड्काउ फुकाउ :** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ फुकाउनु परेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**आज्ञाले :**

अशोक कुमार भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

**नगर सभाबाट स्वीकृत मिति : २०८१/०३/०९**
**प्रकाशन मिति : २०८१/०५/२५**